# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, माघ २७ गते २०४७ साल (अतिरिक्ताङ्क ५२

## भाग २

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नगर विकास ऐन, २०४५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः नगर विकास ऐन, २०४५ लाई संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२६ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "नगर विकास (पहिलो संशोधन) ऐन, २०४७" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नगर विकास ऐन, २०४५ को दफा ४ मा संशोधनः नगर विकास ऐन, २०४५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को उपदफा ४.१ मा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "ग्रामीण क्षेत्र, नगर क्षेत्र" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा १२.१.१ मा रहेका "नगर पञ्चायत" भन्ने शब्दहरूको सट्टा "नगरपालिका" भन्ने शब्द राखिएको छ ।

४. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को उपदफा १७.१ मा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "ग्रामीण क्षेत्र, नगर क्षेत्र" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को उपदफा २०.१ को सट्टा देहायको उपदफा २०.१ राखिएको छः–

"२०.१ दफा १० वा १८ बमोजिम समितिले दिएको आदेश उपर पुनरावेदन सुन्न श्री ५ को सरकारले आवश्यकता अनुसार पुनरावेदन समितिहरू गठन गर्न सक्नेछ ।"

६३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मुद्दा सर्ने:यो दफा प्रारम्भ हुँदाका बखत नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत कारवाई भई श्री ५ को सरकारमा पुनरावेदन परी छिन्न बाँकी रहेका पुनरावेदन तहका मुद्दाहरू मूल ऐनको दफा २० बमोजिमको सम्बन्धित पुनरावेदन समितिमा सर्नेछन् ।

लालमोहर सदर मिति:– २०४७।१०।२७।१

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### कर्मचारी संचय कोष ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: कर्मचारी संचय कोष ऐन, २०१९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।



६३५ ६४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "कर्मचारी संचय कोष (छैठौं संशोधन) ऐन, २०४७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. कर्मचारी संचय कोष ऐन, २०१९ को दफा २ मा संशोधनः कर्मचारी संचय कोष ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ख)को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "कर्मचारी" भन्नाले मासिक तलबबाट कोष कट्टी गराउनु पर्ने रकम कट्टा गराई कोषमा दाखिल गराउने निजामती कर्मचारी, सैनिक, प्रहरी, संवैधानिक अङ्ग, राजप्रासाद सेवा र कोषका कर्मचारी तथा शिक्षक सम्झनु पर्छ र सो शब्दले दफा १२ ख. बमोजिम कोषमा रकम जम्मा गराउने संस्थाका कर्मचारी, मजदूर वा कामदार तथा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य वर्गको कर्मचारी समेतलाई जनाउनेछ।

स्पष्टीकरणः यस ऐनको प्रयोजनको निमित्त कर्मचारी भन्नाले स्थायी कर्मचारी सम्झनु पर्छ।"

(२) खण्ड (ग) पछि देहायका खण्ड (ग१), (ग२) र (ग३) थपिएका छन्ः–

"(ग१) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग२) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा प्रशासक समेतलाई जनाउनेछ।

(ग३) "प्रशासक" भन्नाले दफा ६ क. बमोजिम नियुक्त कोषको प्रशासक सम्झनु पर्छ।"

(३) खण्ड (ढ) मा रहेका "दायित्व भएको कार्यालय" भन्ने शब्दहरू पछि "वा संस्था" भन्ने शब्दहरू थपिएका छन्।

६३५ ६८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) खण्ड (ढ) पछि देहायको खण्ड (ढ१) थपिएको छः–

"(ढ१) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम संस्थाको रूपमा स्थापना भएको बैङ्क, वित्तीय संस्था, कम्पनी, फर्म, उद्योग वा त्यस्तै अन्य सरकारी वा गैर सरकारी संस्था सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. समितिको गठन : (१) कोषमा कम्तीमा सात जना संचालकहरू भएको एउटा संचालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका संचालकहरू रहनेछन् :–

(क) श्री ५ को सरकारबाट नियुक्त व्यक्ति – अध्यक्ष

(ख) श्री ५ को सरकारको विभिन्न सेवाबाट श्री ५ को सरकारले मनोनीत गरेका तीनजना – सञ्चालक

(ग) बैंक, वित्तीय संस्था तथा अन्य संगठित संस्थाहरूबाट श्री ५ को सरकारले मनोनीत गरेका दुईजना – सञ्चालक

(घ) कोषको प्रशासक – सञ्चालक

(३) उप-दफा (२) को खण्ड (ख) र (ग) बमोजिम श्री ५ को सरकारले सञ्चालकहरू मनोनीत गर्दा श्री ५ को सरकारको विभिन्न सेवा, बैंक, वित्तीय संस्था एवं विभिन्न संगठित संस्थाहरूबाट पालैसँग प्रतिनिधित्व हुने गरी सञ्चालकहरूको मनोनयन गर्नु पर्नेछ ।

(४) प्रशासक बाहेक अन्य सञ्चालकहरूको कार्यावधि तीन वर्षको हुनेछ र अवधि समाप्त भएपछि निजहरू पुनः एक पटकसम्मको लागि नियुक्त वा मनोनीत हुन सक्नेछन् ।

(५) कार्यावधि पूरा नहुँदै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गरिनेछ ।



६३० ६४४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम नियुक्त वा मनोनीत सञ्चालकहरूलाई श्री ५ को सरकारले जुनसुकै बखत हेरफेर गर्न सक्नेछ ।

(७) सञ्चालकहरूले समितिको बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ ।

(८) समितिले तोकिदिएको कोषको अधिकृत कर्मचारीले समितिको सचिव भई काम गर्नेछ ।"

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) श्री ५ को सरकारको राजपत्राँकित प्रथम श्रेणी वा संगठित संस्थाको दशौं तह वा सो सरहको तह भन्दा तल्लो तहका पदमा कार्यरत कर्मचारी, वा"

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) दफा ४ को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम मनोनीत सञ्चालकहरू सम्बन्धित निकाय वा संस्थामा कार्यरत नरहेमा",

६. मूल ऐनको दफा ६ क. मा संशोधनः मूल ऐनको दफा ६ क. को सट्टा देहायको दफा ६ क. राखिएको छः–

"६क. प्रशासकको नियुक्ति : (१) कोषको दैनिक कार्य सञ्चालनको लागि श्री ५ को सरकारले एकजना प्रशासकको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त प्रशासकको कार्यावधि पाँच वर्षको हुनेछ ।

(३) प्रशासकले पाउने पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ ।"

७. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को उपदफा (१) मा रहेको "अध्यक्षको" भन्ने शब्दको सट्टा "समितिको" भन्ने शब्द राखिएको छ ।

८. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः–

"८. समितिको बैठकः (१) अध्यक्षले तोकेको मिति, स्थान र समयमा समितिको बैठक बस्नेछ ।

६३८ ६८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको बैठक वर्षमा कम्तीमा ६ पटक बस्नेछ र दुई बैठकको बीचको अवधि तीन महीना भन्दा बढी हुने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि छलफल गर्न खोजिएका विषयसूची सहित कम्तीमा तीन जना सञ्चालकले लिखित अनुरोध गरेमा अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा प्रशासकले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) कम्तीमा आधाभन्दा बढी सञ्चालकहरू उपस्थित नभई समितिको बैठक बस्ने छैन ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालकहरूले आफू मध्येबाट छानेका सञ्चालकले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफलका विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण छुट्टै किताबमा लेखी राख्नु पर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।"

९. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) प्रत्येक कार्यालयले कर्मचारीको मासिक तलबबाट दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिमका दरले कोष रकम कट्टी गरी सो रकमको तोकिए बमोजिमको प्रतिशतले हुने रकम समेत थप गरी कोषमा जम्मा गर्नु पर्नेछ ।"

१०. मूल ऐनको दफा १२ क. मा संशोधनः मूल ऐनको दफा १२ क. को उपदफा (१) मा रहेको "दफा १२" भन्ने शब्द र अङ्कपछि "वा दफा १२ ख." भन्ने शब्द र अङ्क थपिएको छ ।

११. मूल ऐनमा दफा १२ ख. थपः मूल ऐनको दफा १२ क. पछि देहायको दफा १२ ख. थपिएको छः–

"१२ ख. संस्थाका कर्मचारीको कोष कट्टीः (१) दश वा दशभन्दा बढी कर्मचारी काम गर्ने संस्थाले आपनो कर्मचारीहरूको मासिक तलबबाट दफा १२ बमोजिम कोष रकम कट्टी गरी कोषमा जम्मा गराउन सक्नेछ ।

६२३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) श्री ५ को सरकारले उपयुक्त ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै संस्थालाई नियमितरूपमा मासिक तलब प्राप्त गर्ने कर्मचारीहरूको मासिक तलबबाट उपदफा (१) बमोजिमको रकम कोषमा जम्मा गराउन आदेश दिन सक्नेछ ।

(३) यो दफा अन्तर्गत कोष रकम कट्टी भएका कर्मचारीहरूको हकमा दफा १२ को सम्पूर्ण व्यवस्था लागू हुनेछ ।

(४) यो दफा अन्तर्गत कोष रकम कट्टी गरी कोषमा रकम जम्मा गर्ने संस्था विघटन वा खारेज भएमा त्यस्तो संस्थाका कर्मचारी यो ऐनको प्रयोजनको निमित्त सेवाबाट हटेका मानिने छन् ।

(५) यो दफा प्रारम्भ हुनुभन्दा अघि कुनै संगठित संस्थाले दफा १६ बमोजिम कोषमा जम्मा गराएको कोष कट्टी रकम उपदफा (१) बमोजिम नै जम्मा गराएको मानिनेछ ।"

१२. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेका "दफा १२ र १२ क." भन्ने शब्द र अङ्कहरूको सट्टा "दफा १२,१२ क. र १२ ख." भन्ने शब्द र अङ्कहरू राखिएका छन् ।

१३. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः–

"१४. रकम झिक्न सक्नेः (१) कम्तीमा पाँच वर्षसम्म लगातार कोष कट्टी रकम कोषमा जम्मा गर्ने कर्मचारीले आर्थिक वर्षको शुरू सम्ममा निजको नाममा कोष कट्टी भई जम्मा भएको कुल रकमको देहायको प्रतिशतमा नबढ्ने गरी देहायबमोजिम कोषबाट रकम झिक्न सक्नेछः–

(क) पचास वर्षको उमेर पूरा नभएसम्म साठ्ठी प्रतिशत,

(ख) पचास वर्षभन्दा माथि पचपन्न वर्षको उमेर पूरा नभएसम्म पचहत्तर प्रतिशत, र

(ग) पचपन्न वर्षभन्दा माथि सेवाबाट नहटेसम्म नब्बे प्रतिशत ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम बाहेक कुनै कर्मचारीले निज सेवामा बहाल रहेसम्म कोषबाट रकम झिक्न सक्ने छैन ।

(३) उपदफा (१) बमोजिम कुनै कर्मचारीले एक पटक रकम झिकेपछि त्यसरी रकम झिकेको मितिले दुई वर्ष पूरा नभई पुनः रकम झिक्न सकिने छन ।"

६६० ६४८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. मूल ऐनमा दफा १४क. र १४ख. थप: मूल ऐनको दफा १४ पछि देहायको दफा १४क. र १४ख. थपिएका छन् :-

"१४क. हिसाब मिलान गरिने: (१) कुनै कर्मचारीले यो दफा प्रारम्भ हुनु भन्दा अघि कोषबाट सापटी लिई सकेको रहेछ भने निजले लिएको सापटी मध्ये तिर्न बाँकी साँवा ब्याज रकम निजको नाममा सञ्चित रहेको कोष कट्टी रकमबाट कट्टी गरी हिसाब मिलान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब मिलान गरिएकोमा त्यस्तो कर्मचारीले पुनः कोषबाट रकम झिक्न चाहेमा दफा १४ को उपदफा (१) बमोजिमको रकममा अघि झिकिसकेको रकम कट्टी गरी बाँकी रकम मात्र दिइनेछ ।

तर कोषबाट रकम झिकेको वा सापटी लिएको मितिले दुई वर्ष पूरा नभई निजले पुनः रकम झिक्न सक्ने छैन ।

(३) कोषबाट घर सापटी लिएको कर्मचारीले कोष कट्टी रकमबाट हिसाब मिलान गर्न चाहेमा उपदफा (१) बमोजिम हिसाब मिलान गर्न सक्नेछ ।

१४ख. कोषबाट झिकेको रकम फिर्ता गर्न सकिने: दफा १४ बमोजिम झिकेको रकम कर्मचारीले एकै पटक वा पटक पटक गरी कोषमा फिर्ता जम्मा गराउन सक्नेछ । त्यसरी जम्मा हुन आएको रकममा दफा १५ बमोजिम ब्याज र मुनाफा प्रदान गरिनेछ ।"

१५. मूल ऐनको दफा १५ मा संशोधन: मूल ऐनको दफा १५ को,-

(१) उपदफा (३) झिकिएको छ ।

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

"(६) कोषको लेखा परीक्षण भई सकेको वार्षिक हिसाबमा मुनाफा रहेको रकमबाट दफा २५ बमोजिम रकम छुटचाई बाँकी रहेको मुनाफा रकमलाई मुनाफा निर्धारण भएको आर्थिक वर्षको शुरूसम्ममा सञ्चयकर्ताको नाममा जम्मा रहेको रकममा समितिले तोकेको दर र प्रकृया बमोजिम सञ्चयकर्ताहरूमा मुनाफा बाँडफाँड गरी निश्चित भएको रकम निजहरूको खातामा जम्मा गरिनेछ ।"

१६. मूल ऐनको दफा १५क. मा संशोधन: मूल ऐनको दफा १५ क. को,-

(१) उपदफा (१) को खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छ :-

"(ञ) कर्मचारीसँग अन्तिम अवस्थासम्म सँगै बसी निजको हेरविचार गर्ने व्यक्ति ।"



६४१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–

"(१क) उपदफा (१) को प्रयोजनको निमित्त कर्मचारीले कुनै पनि व्यक्तिलाई इच्छाउन सक्नेछ । यसरी कर्मचारीले कुनै व्यक्तिलाई इच्छाउँदा इच्छाउँने तरिका कोषले तोके बमोजिम हुनेछ ।"

(३) उपदफा (४) मा रहेका "यस दफा बमोजिम कोष कट्टी रकम फिर्ता दिंदा" भन्ने शब्दहरू झिकिएका छन् ।

१७. मूल ऐनको १५ख. मा संशोधन: मूल ऐनको १५ ख. को उपदफा (२) मा रहेको "किताबखानाले" भन्ने शब्दको सट्टा "सम्बन्धित कार्यालय वा किताबखानाले" भन्ने शब्दहरू राखिएका छन् ।

१८. मूल ऐनको दफा १९ मा संशोधन: मूल ऐनको दफा १९ को,–

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) कोषले आफै वा अरू संस्थाहरूसँग मिली आवास परियोजनाहरू सञ्चालन गरी घर घडेरी सोझै वा किस्ताबन्दीमा बिक्री वितरण गर्ने वा बहालमा दिने ।"

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः–

"(घ१) घर घडेरी बिक्री वितरण गर्ने वा आवास परियोजना सञ्चालन गर्न कम्पनी वा संस्थाको स्थापना र सञ्चालन गर्ने,"

(३) खण्ड (च२) पछि देहायको खण्ड (च३) थपिएको छः–

"(च३) कोषको ऋण बाँकीमा कुनै संस्थाको जायजेथा कोषलाई प्राप्त भएमा सो जायजेथाको सदुपयोग गर्न कोष आफैले वा अरू कुनै संस्थासँग मिली सो संस्थाको सञ्चालन गर्ने वा नयाँ संस्था संस्थापना गर्ने, "

१९. मूल ऐनमा दफा १९ख. थप: मूल ऐनको दफा १९क. पछि देहायको दफा १९.ख. थपिएको छः–

"१९ख. लगानी प्रबर्द्धन समिति: (१) कोषको रकम सुरक्षित तथा बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नको निमित्त लगानी नीति निर्धारण गरी समितिमा सुझाव पेश गर्न कोषमा एउटा लगानी प्रबर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कोषको प्रशासक — अध्यक्ष

(ख) श्री ५ को सरकारको सेवामा कार्यरत अर्थ विज्ञहरूबाट श्री ५ को सरकारले मनोनीत गरेको एकजना — सदस्य

(ग) त्रिभुवन विश्वविद्यालय तथा सार्वजनिक वा निजी क्षेत्रबाट लगानी प्रबर्द्धन क्षेत्रमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरू मध्ये श्री ५ को सरकारले मनोनीत गरेको दुईजना —सदस्य

(घ) कोषको कर्मचारीबाट श्री ५ को सरकारले मनोनीत गरेको एकजना — सदस्य

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी मनोनीत भएका सदस्यहरूलाई श्री ५ को सरकारले जुनसुकै बखत हेरफेर गर्न सक्नेछ ।

(५) लगानी प्रबर्द्धन समितिका अध्यक्ष तथा सदस्यहरूले लगानी प्रबर्द्धन समितिको बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता समितिले तोकिदिए बमोजिम हुनेछ ।

(६) प्रशासकले आवश्यकतानुसार लगानी प्रबर्द्धन समितिको बैठक बोलाउनेछ ।

(७) लगानी प्रबर्द्धन समितिको बैठक सम्बन्धी अन्य कुराहरू लगानी प्रबर्द्धन समिति आफैले निर्धारण गर्न सक्नेछ ।"

२०. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को खण्ड (ख) मा रहेका "दफा १९क. को उपदफा (१) को खण्ड (ख) को उपखण्ड (३) र (४) मा उल्लेख गरिए बाहेक" भन्ने वाक्यांश झिकिएको छ ।

२१. खारेजी : मूल ऐनको दफा १०, १६ र १९ क. खारेज गरिएका छन् ।

लालमोहर सदर मितिः– २०४७।१०।२७।१

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६८८

~~६५७~~

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।